परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily राष्ट्रिय दैनिक

वर्ष : ४ अंक : ५० पष्ठ ४ २०८२ मसिर २५ गते, बिहिबार 11 December, 2025 मूल्य रु. ५/-

हामीलाई www.talknepaltv.com मा पनि पढ्न सकिन्छ ।

## नाबालिग बलात्कार अभियोगमा

### थप २ पक्राउ !



टक नेपाल

नाबालिग बलात्कार अभियोगमा प्रहरीले शिवशंकर साह(हिरा)लाई मंगलबार पक्राउ गरेको छ।

नाबालिगका मामा सञ्जय महासेठ पनि पक्राउ परेको प्रहरीले पुष्टि गरेको छ । जिल्ला प्रहरी कार्यालय धनुषाले हिरालाई भारतको बिहार राज्यको सीतामढी जिल्लाबाट पक्राउ गरी अबेर राति धनुषा ल्याइएको छ । उनको नाम पीडित पक्षले पोलेसँगै प्रहरीले जिल्ला अदालतबाट पक्राउ पूर्जी लिएको थियो ।

प्रहरीले पक्राउ पूर्जी लिएको जानकारी पाउना साथ उनी बिहारतर्फ भागेका थिए। प्रहरी सम्वद्ध स्रोतका अनुसार साहलाई सीतामढी जिल्लाबाट पक्राउ गरिएको हो । उनी फरार भएदेखि नै प्रहरीले निगरानी बढाएको थियो । हिरा सीतामढीमा लुकेको सुराग पाउना साथ प्रहरीले भारतीय काउण्टर पार्टीसित समन्वय गरी पक्राउ गरेको बताइएको छ। हिरा पक्राउ परेको प्रहरीले औपचारिक रुपमा पुष्टि गरेको छैन । तर स्रोतले उनलाई अबेर राति धनुषा ल्याइसकेको जनाएको छ।

स्रोतका अनुसार भारतीय प्रहरीले साहलाई पक्राउ गरी नेपाल प्रहरीलाई बुझाएको बताइएको छ । धनुषाका प्रहरी प्रमुख एसपी रुगम बहादुर कुँवरले विशेष चासो लिएर अनुसन्धानलाई अगाडि बढाएका छन् । उनले काउण्टर पार्टीसित समन्वयगरि केही दिन भित्रै हिरा साहलाई पक्राउ गर्न सफल भएको बताइन्छ।

हिरा साह गत स्थानीय निर्वाचनमा नेकपा एमालेको टिकटबाट मेयरमा उम्मेदवार रहेका थिए । उनी जनकपुरधाम उद्योग वाणिज्य संघको अध्यक्ष र मधेश प्रदेश उद्योग वाणिज्य संघका संस्थापक अध्यक्ष हुन् । नेकपा एमालेको आसन्न ११ औं महाधिवेशनका लागि धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधि छनोट भएका छन् । एमालेका नेताहरुका अनुसार उनी फरार रहेकै बेला उनको नाम प्रतिनिधिमा छनोट गरिएको थियो ।

नाबालिगका मामा महासेठलाई प्रहरीले जनकपुरधामबाट नै पक्राउ गरेको धनुषाका प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक गणेश बहादुर बमले जनाएका छन् । महासेठले बलात्कारलाई कानुनी दायरामा नलगी अलग्गैबाट मिलाउने प्रयास गरेको आरोप छ । उनले पीडकहरुबाट रकम समेत बुझिसकेको पीडिताले खुलाएकी छन् ।

गत कार्तिक २२ गते जानकी चोकस्थित एक होटेलमा दुई राति बन्धक बनाएर बलात्कार गरेको थियो । प्रहरीले बलात्कार गरेको अभियोगमा जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर १० का स्वर्गीय किशोरी लाल साहका छोरा मनोज कुमार साहलाई प्रहरीले यस अघि नै पक्राउ गरेको थियो । हिरा साह मनोज साहका साख्यै काञ्छो भाई हुन् ।

मनोज साहलाई प्रहरीले काठमाण्डुबाट पक्राउ गरी ल्याएको थियो । मनोजको बयानको आधारमा प्रहरीले हिरासमेत तीन जना विरुद्ध पक्राउ पूर्जी जारी गरेको छ । दुई जना अझै प्रहरीको पहुँचभन्दा बाहिर रहेको बताइएको छ । जनकपुरधाम उपमहानगरपालिकाको वडा नम्बर १३ का नाबालिगलाई होटेलमा दुई दिनसम्म बन्धक बनाएर बलात्कार गरेको थाहा पाएपछि पीडित हजुरबुवा र आमाले कार्तिक २३ गते बिहान ५ बजे उद्धार गरी घर लगेका थिए ।

१३ वर्ष ४ महिनाकी नाबालिगलाई बन्धक बनाएर बलात्कार गरेको घटनालाई गुपचुप मिलाउन मनोज साहका भाई हिरा साह लगायत तीनजना सक्रिय रुपमा लागेका थिए । पीडितलाई करिब ३० लाख रुपैयाँसम्म दिने सहमति समेत गरिसकेपछि घटना २२ दिनसम्म भित्र भित्रै भुसको आगो जस्तो सल्किएको थियो । जनकपुरधाम उपमहानगरपालिका भरी बलात्कार गरी घटनालाई गुपचुप मिलाएको खबर भित्र भित्रै फैलिए पनि प्रहरीमा उजुरी परेको थिएन ।

प्रहरीले घटनाको संज्ञान लिएर सूक्ष्म अनुसन्धान गरेर तहसम्म पुगेर दोषीहरुलाई कानुनको दायरामा ल्याएको छ । प्रहरीका अनुसार पक्राउ परेका मनोज साहले अपराध स्वीकार गरिसकेका छन् । उनले दिएको बयान अनुसार हिरा साह लगायतका व्यक्तिहरुको संलग्नता पुष्टि भएको बताइएको छ । नेकपा एमालेका केही नेताहरुले हिरालाई जोगाउन प्रहरीमाथि दबाब बनाएको थियो । हिरा साहलाई जोगाउन नेताहरुले विशेष दबाब दिए पनि प्रहरीले घटनाको तहसम्म पुगेर दोषीसम्म पुगेको बताइएको छ ।

स्रोतका अनुसार पीडित बालिकाका मामाले दोषीसित मिलेमतो गरी केही लाख रुपैयाँ समेत लिएका थिए । मामाले मिलेमतो गरी प्रहरीको पहुँचभन्दा बाहिर नै घटनालाई लुकाएका थिए । प्रहरीले पीडितलाई नै नियन्त्रणमा लिएर अनुसन्धान अगाडि बढाउँदा दोषीहरु पक्राउ परेको बताइएको छ ।

पीडितलाई नै नियन्त्रणमा लिएर बहुत कम अपराधमा अनुसन्धान गरिन्छ । धनुषा प्रहरीले पीडितलाई नियन्त्रणमा लिएर अनुसन्धान गर्दा जघन्य अपराधमाथिको पर्दा उघ्रेको छ । पीडितले जाहेरी समेत दर्ता गराइसकेको छ । पहिले नै पक्राउ गरेका मनोज साह अविवाहित रहेका छन् ।

## बर्दिवासका संघ-संस्थामा बढ्दो अराजकता र राजनीतिकरणप्रति सचिव दाहालको गम्भीर



टक नेपाल

स्थानीय संघ-संस्थाहरु सामूहिक जीवनस्तर समृद्ध र सामाजिक रुपान्तरणका आधारका रूपमा स्थापित हुनु पर्नेमा बर्दिवासमा पछिल्ला वर्षहरूमा देखिएको अराजकता, राजनीतिकरण र स्वार्थका खेलले ती संस्थाहरू कमजोर बन्दै गएको भन्दै बर्दिवास उद्योग वाणिज्य संघका निर्वाचित सचिव शैलेश दाहालले गम्भीर ध्यानाकर्षण गराएका छन्।

दाहालले जारी गरेको विज्ञप्तिमा आफू संघको सचिव हुँदै पनि संगठनभित्र देखिएको गम्भीर विचलन, दलविशेषको पहुँच जमाउने प्रवृत्ति र सक्षम तथा शिक्षित युवाहरूलाई ओझेल पारिने संस्कारले संस्थाको उद्देश्य नै कमजोर बनेको उल्लेख गरेका छन्। उनका अनुसार ठिक-बेठिक छुट्याउने विवेकसमेत अपहरण हुने वातावरणले सामुदायिक संस्था अराजक, मनमौजी र व्यक्तिगत स्वार्थको अखडा बन्दै जानु दुःखद छ।

सचिव दाहालले आफूले निर्वाह गर्नुपने पदीय दायित्व र व्यापारिक हितका लागि काम गर्ने भूमिकामा पुरातन सोच तथा यथास्थितिवादी संस्कारले अवरोध गरेको अनुभव सुनाउँदै सामाजिक तथा सामुदायिक भावनामा आधारित संस्थाहरूले विकृति चिर्न र जागरण फैलाउन नसक्नु आजको मुख्य समस्या रहेको बताए। उनका अनुसार नेतृत्वले पदिय कार्यभार फराकिलो बनाउने होइन, उल्टै साँघुरो बनाउँदै व्यक्तिगत स्वार्थमा प्रयोग गर्ने प्रवृत्तिले कतै राजनीतिक विभाजन बढाउँदै छ भने कतै सामाजिक एकता नै कमजोर बनाइरहेको छ, जसले बर्दिवासमा थप समस्याहरू जन्माइरहेको छ।

निकट भविष्यमा बर्दिवास उद्योग वाणिज्य संघको साधारणसभा नजिकिँदै गर्दा आफ्नो ध्यानाकर्षणले धेरै प्रश्न उब्जिनु स्वाभाविक भए पनि जिम्मेवार पदाधिकारीका हैसियतले उठाइएका प्रश्न गम्भीर कारणसहित नै भएको दाहालले स्पष्ट पारेका छन्।

संस्थामा परिवर्तन, सुधार र नयाँ संस्कार आवश्यक रहेको उल्लेख गर्दै उनले आवश्यक परे सचिवको भूमिकाबाट अलग हुनसमेत तैयार रहेको बताएका छन्। अन्त्यमा दाहालले सबै संघ-संस्थामा सकारात्मक संस्कारको स्थापना, रुपान्तरण र खवरदारीको भावना बलियो बनाउन आग्रह गरेका छन् ।







vianet

अब सबै connected

टक नेपाल
Talk Nepal National Daily
राष्ट्रिय दैनिक

सम्पादकीय

# ऊर्जामन्त्री कुलमानमाथि नैतिक प्रश्न

आन्दोलनपछि बनेको सरकारमा स्वयंलाई सर्वस्व ठान्ने मनोवृत्ति हुन्छ। आन्दोलनको पक्षधर व्यक्ति, समूह वा संस्थामा पनि अधिक उत्साह हुन्छ। त्यसैले पुराना सरकारका कतिपय निर्णय नयाँ सरकार द्वारा खारेजीमा पर्छन्। नयाँ सरकारले नयाँ संस्कारको सुरुवात गर्नुपर्ने भएकाले पूर्वाग्रह र प्रतिशोध साध्ने सुविधा पाउँदैन।

पछिल्लो जेन-जी विद्रोहको 'म्यान्डेट' पनि त्यो होइन। तर, राजदूत फिर्ता, भूमि आयोग खारेज तथा विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई हटाउने सरकारको निर्णयलाई सर्वोच्च अदालतले उल्ट्याइदिएपछि अन्तरिम सरकारमाथि नैतिक प्रश्न सिर्जना भएको छ।

मन्त्रिपरिषद्को ५ असोज २०८२ को बैठकले नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई जल तथा ऊर्जा आयोगमा सरुवा गर्दै मनोज सिलवाललाई कार्यकारी निर्देशक बनाउने निर्णय गरेको थियो। शाक्यले आफ्नो पद प्राधिकरणमै कायम हुनुपर्ने माग गर्दै २१ कात्तिकमा सर्वोच्चमा रिट दायर गरेका थिए। सर्वोच्चले प्राधिकरणको कार्यकारी निर्देशक विवादसम्बन्धी २०७८ देखिको मुद्दालाई साथै राखेर सुनुवाइ गरेको थियो। उसले तोकिएबमोजिमका कुनै पनि प्रक्रिया अवलम्बन नगरी शाक्यलाई पदबाट हटाएको देखिएको र उनलाई हटाउने मन्त्री घिसिङको प्रस्ताव पूर्वाग्रही र प्रतिशोधपूर्ण देखिएको ठहर गरेको छ। मिसिलको मुहारबाटै स्वेच्छाचारी देखिएका निर्णय तथा कामकारबाही कानुन र न्यायको रोहमा कायम रहन नसक्ने सर्वोच्चको आदेशमा उल्लेख छ। आदेशमा उल्लिखित 'प्रक्रिया अवलम्बन नगरी', 'पूर्वाग्रही र प्रतिशोधपूर्ण' तथा 'स्वेच्छाचारी' जस्ता शब्द विशेष अर्थपूर्ण छन्, जसलाई सरकारले मसिनो गरी समीक्षा गर्नुपर्छ। यसअघि पनि ११ देशका राजदूत फिर्ता बोलाउने सरकारको निर्णयलाई सर्वोच्चले कार्यान्वयनमा रोक लगाएको थियो। सरकारले ३० असोजमा चीन, जर्मनी, इजरायल, मलेसिया, कतार, रुस, साउदी अरब, स्पेन, बेलायत, अमेरिका र जापानमा रहेका नेपाली राजदूतलाई फिर्ता बोलाउने निर्णय लिएको थियो।

केपी शर्मा ओली सरकारले १४ साउन २०८१ मा गरेको सिफारिसका आधारमा नियुक्त भएका १७ राजदूतमध्ये ११ जनालाई फिर्ता बोलाइएको थियो। त्यसविरुद्ध परेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्चले १६ कात्तिकमा निर्वाचन प्रयोजनका लागि गठन भएको सरकारले राजदूत फिर्ता गर्ने निर्णय गर्न नमिल्ने स्मरण गराएको थियो।

फिर्ता बोलाइएका राजदूतको पदावधि बाँकी नै रहेको, फिर्ता बोलाउनुपर्ने कारण मन्त्रिपरिषद्को निर्णयमा उल्लेख नभएको र रिक्त हुन आउने राजदूत पदमा नयाँ नियुक्ति सम्बन्धमा कुनै कार्य भए गरेको पनि नदेखिएको सर्वोच्चको आदेशमा भनिएको थियो।

त्यस्तै, भूमि आयोगसम्बन्धी सरकारको निर्णय पनि सर्वोच्चले बदर गरिदिएको छ। २३ असोजको मन्त्रिपरिषद् बैठकमार्फत भूमि समस्या समाधान आयोग र त्यसका जिल्ला समिति खारेज गर्ने निर्णय गरेको थियो। त्यसविरुद्ध परेको रिटमाथि सुनुवाइ गर्दै ११ कात्तिकमा सर्वोच्चले '२३ असोजको निर्णयको कार्यान्वयन हाल जे-जस्तो अवस्थामा पुगेको छ, सोही अवस्थामा यथास्थितिमा राख्नू' भनी अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो। १५ मंसिरमा सुनाइएको फैसलाबाट भने आयोग खारेज गर्ने सरकारको निर्णय सर्वोच्चले बदर गरिदिएको छ।

उल्लिखित तीन वटै निर्णयमा सर्वोच्चको रोक अपेक्षित हो। किनकि, यी निर्णय लिनुअघि सरकारले आफ्नो सीमा स्मरण गरेको देखिँदैन। वर्तमान सरकार २१ फागुनमा निर्वाचन गर्ने प्रयोजनका लागि गठन गरिएको हो। सार्वजनिक औचित्य स्थापित नहुने, प्रतिशोध झल्किने, दीर्घकालसम्मै विवाद हुने निर्णय लिन सरकार अग्रसर बन्नु हुँदैन।

# अर्थमन्त्री महेश यादवको पहलपछि राजविराज

## करदाता सेवा कार्यालय खारेज निर्णय रोकियो

टक नेपाल



मधेश प्रदेशका अर्थमन्त्री महेश प्रसाद यादवको सक्रिय पहलपछि राजविराजस्थित करदाता सेवा कार्यालय तत्काल खारेज हुने निर्णय रोकिएको छ।

गत कार्तिक १७ गतेको नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयअनुसार देशभरका करदाता सेवा कार्यालय खारेज गरिने निर्णय भएपछि सप्तरीका उद्योगी-व्यवसायी आन्दोलित भएका थिए। ७२ हजारभन्दा बढी करदातालाई कर तिर्न वा सम्बन्धी कामका लागि लहानसम्म जानुपर्ने समस्या उत्पन्न भएपछि अर्थमन्त्री यादवले संघीय सरकारका अर्थमन्त्री रामेश्वर खनालसँग छलफल गरी तत्काल निर्णय पुनर्विचार गराउन आग्रह गरेका थिए। मन्त्री यादवले राजविराजमा कार्यालय सञ्चालनका लागि जग्गा, प्रशासकीय भवन र पूर्वाधार उपलब्ध रहेको र त्यहाँका करदातालाई पनि लहान पुग्न निकै समस्या हुने विषय अघि सारेपछि तत्काल सो निर्णय रोकिने भएको छ। संघीय अर्थमन्त्री खनालले मन्त्री यादवको माग सकारात्मक लिँदै तत्काल खारेज नगर्ने विश्वास दिलाएको मन्त्री यादवको निजी सचिवालयले जनाएको छ।

यसअघि सगरमाथा अञ्चलको सदरमुकाम रहँदा राजविराजमै कर कार्यालय थियो। पछि सो कार्यालय लहान सारिएको थियो। स्थानीय उद्योगी व्यवसायी, राजनीतिकर्मी लगायतका व्यक्तिहरुको लामो समयको पहलपछि करदाता सेवा कार्यालय २०७५ सालमा राजविराजमा स्थापना भएको थियो। स्थानीय उद्योगी व्यवसायीहरूले गत असोज २१ गतेदेखि जिल्लामा आन्दोलित भएपछि अर्थमन्त्रिमा नियुक्त हुँदै यादव काठमाडौं पुगेर यस विषयमा अग्रसरता लिएका छन्।

राजविराजस्थित करदाता सेवा कार्यालय तत्काल यहीँ रहिरहने मन्त्री यादवले बताएका छन्। 'अब राजविराजमै कर कार्यालय स्थापनाको विषयमा अर्थमन्त्रीज्यूसँग छलफल भएको छ, मन्त्री यादवले भने,-सो सम्बन्धमा केही दिनभित्र सरोकारवालासँग बृहत छलफल गरी औपचारिक प्रक्रिया अघि बढाइनेछ।

# मुख्यमन्त्रीले मंसिर २७ गते विश्वासको मत लिने

टक नेपाल

मधेश प्रदेशका नवनियुक्त मुख्यमन्त्री कृष्णप्रसाद यादवले मंसिर २७ गते शुक्रवार विश्वासको मत लिने भएका छन्।

बुधवार २४ गते विश्वासको मत लिने भनिएपनि मुख्यमन्त्रीको कार्य व्यस्तताले मिति सारिएको प्रदेश सभा सचिवालयले जनाएको छ। यसअघि नै सत्तापक्षीय सातदलीय गठबन्धनको बैठकले आगामी मंसिर २४ गते विश्वासको मत लिने निर्णय गरेको थियो। यही मंसिर १९ गते नेपाली कांग्रेसबाट मुख्यमन्त्री नियुक्त भएका यादव मंसिर २१ गतेका दिन तीन जना मन्त्री सहित पद तथा गोपनीयताको शपथ ग्रहण गरेका थिए।

उनीसंगै जनमत पार्टीबाट अर्थमन्त्री महेश यादव, कांग्रेसबाट जंगीलाल राय र नेकपा एसबाट कनिष पटेल विना विभागीय मन्त्रीको रुपमा शपथ ग्रहण गरेका थिए। विश्वासको मतकै लागि तत्काल सानो आकारको मन्त्रिपरिषद हाललाई गठन गरिएको छ। विश्वासको मतपछि मन्त्रालयको बाँडफाँडपछि अन्य मन्त्रालयको टुँगो लगाइने मुख्यमन्त्री श्रोतले जनाएको छ।



विश्वासको मत लगतै मन्त्रालयको बाँडफाँडपछि अन्य दलहरु पनि सरकारमा सहभागी हुने जसपा नेपालका प्रमुख सचेतक रामआशिष यादवले बताएका छन्।






## निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन सबैको सहयोग हुनुपर्छ : राष्ट्रपति पौडेल



● टक नेपाल

राष्ट्रपति रामचन्द्र पौडेलले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मानव अधिकारमैत्री बनाउनुपने बताएका छन् । लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरणका लागि निर्वाचनलाई मानव अधिकारमैत्री बनाउन सबैको सहयोग हुने उनको अपेक्षा छ । 'युवापुस्ताको आन्दोलनपश्चात् देशमा विकसित राजनीतिक परिस्थितिलाई सम्पूर्ण नेपाली जनताका साथै अन्तरराष्ट्रिय समुदायले विशेष चासोका साथ हेरिरहेको छ, देशको वर्तमान परिस्थितिलाई सामान्यीकरण गदै लैजान सरकार, राजनीतिक दल, नागरिक समाज, युवापुस्ताका अभियन्ता र सर्वसाधारण नागरिक सबैको संयोजनकारी र सकारात्मक भूमिका हुनुपर्छ,' उनले भनेका छन् । ७७औँ अन्तर्राष्ट्रिय मानव अधिकार दिवसका अवसरमा आज शुभकामना व्यक्त गदै राष्ट्रपति पौडेलले विश्वमा न्यायपूर्ण र समतामूलक समाज निर्माण गर्न राष्ट्रहरूको ध्यान केन्द्रित भइरहेका सन्दर्भमा नेपालले पनि संविधानमा व्यवस्था भएको नागरिकको मौलिक हकको पूर्ण कार्यान्वयनका लागि अझ बढी अग्रसरता लिनुपर्ने उल्लेख गरे ।

सन्देशमा भनिएको छ, 'मानवले मानवजस्तो भएर बाँच्न पाउने जीवनको आधार मानव अधिकार भएकाले आज विश्वमा मानव अधिकार दिवसलाई उच्च महत्वका साथ मनाइँदैछ, मानव अधिकार जन्मसिद्ध हक भएकाले मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेख भएका विषय नेपालको संविधानले अवलम्बन गर्दै स्वतन्त्रता, समानता र न्यायलाई मजबुत बनाउन योगदान पुर्याएको छ ।'

नेपाल मानव अधिकारसम्बन्धी विभिन्न अन्तरराष्ट्रिय सन्धि सम्झौताको पक्षराष्ट्रसमेत भएकाले मानव अधिकारको सम्मान, संरक्षण, सम्वर्द्धन र परिपूर्तिसम्बन्धी दायित्वप्रति सदैव प्रतिबद्ध एवं संवेदनशील रहिआएको उल्लेख गर्दै उनले सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह र सामाजिक सङ्घ, संस्था, सञ्चारमाध्यम तथा निजीक्षेत्रको सक्रियताले कमजोर तथा जोखिममा रहेका समूहको हकअधिकार, स्वतन्त्रता र न्यायको अनुभूति गराउन आवश्यक थप काम गर्नसकेमा मानव अधिकार दिवसले थप सार्थकता पाउने विश्वास पनि व्यक्त गरेका छन् ।

व्यक्तिगत स्वतन्त्रता र लोकतान्त्रिक शासन प्रणालीलाई सारभूत बनाउने मानव अधिकारको महत्वपूर्ण पक्ष आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भएको राष्ट्रपति पौडेलको भनाइ छ ।

नयाँ पुस्ताको माग पूरा गर्न जरुरी छ : उपराष्ट्रपति यादव

यसैगरी उपराष्ट्रपति रामसहायप्रसाद यादवले अघिल्लो भदौ २३ र २४ गते 'जेनजी' पुस्ताले गरेको आन्दोलनले देखाएको असन्तोषले पनि मानव अधिकारको सुनिश्चितता अझै अपूर्ण रहेको तथ्यलाई उजागर गरेको बताएका छन् ।

# गौर हत्याकाण्डको अनुसन्धान अघि बढाउन सर्वोच्चको आदेश, तानिनेछन् उपेन्द्र यादव

● टक नेपाल



सर्वोच्च अदालतले १८ वर्षअघिको बहुचर्चित गौर हत्याकाण्डमा संलग्नहरुमाथि अनुसन्धान अघि बढाउन प्रहरीलाई आदेश दिएको छ ।

गौर हत्याकाण्ड संलग्नलाई अनुसन्धान र कारवाहीको दायरामा ल्याउनुपर्ने भनी दायर भएको रिट निवेदनमाथि सुनुवाइपछि सर्वोच्च अदालतले २ भदौ, २०८२ मा अनुसन्धान अघि बढाउन आदेश दिएको हो । सर्वोच्च अदालतले यसैसाता सो आदेशको पूर्णपाठ सार्वजनिक गरेको हो । सर्वोच्च अदालतको फैसलासँगै प्रहरीले अनुसन्धान अघि बढाएमा तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष एवं पूर्वउपप्रधानमन्त्री उपेन्द्र यादव लगायतका नेताहरु अनुसन्धानको दायरामा आउनेछन् । राष्ट्रिय मानव अधिकार आयोगले पनि उनी लगायतमाथि अनुसन्धान अघि बढाउन सरकारलाई निर्देशन दिएको थियो ।

सर्वोच्च अदालतले सार्वजनिक गरेको निर्णयको पूर्णपाठमा भनिएको छ, 'त्रिभुवन साह समेतको दरखास्तमा अविलम्व अनुसन्धान बढाइ उचित निष्कर्षमा पुग्न जिल्ला प्रहरी कार्यालय रौतहट समेतका नाममा समेत आदेश जारी हुने ठहर्छ ।' गौर घटनाका घाइतेमध्येका एक त्रिभुवन साह । कतिपय मृतकका आफन्त लगायतले दोषीमाथि कारवाही हुनुपर्ने भनी सर्वोच्च अदालतमा रिट निवेदन दिएका थिए । मृतकका आफन्त तथा घाइतेहरुले जिल्ला प्रहरी कार्यालय, रौटहटमा जाहेरी दिदा समेत कुनै छानविन अघि नबढेका भन्दै प्रश्न उठाएका थिए ।

गौर घटनामा सामूहिक रुपमा व्यक्तिहत्याको कसुरमा जाहेरी दर्ता भएकोमा अनुसन्धान अघि नबढेको भन्दै सर्वोच्च अदालतले प्रहरीको भूमिकामा प्रश्न उठाएको हो । अनि मुद्दामा विपक्षी बनाइएकाले प्रहरी मुख्यालय, गृह मन्त्रालय लगायतका नाममा समेत सर्वोच्च अदालतले अनुसन्धान अघि बढाउन आदेश दिएको हो ।

न्यायाधीशहरु तिलप्रसाद श्रेष्ठ र नित्यानन्द पाण्डेयको इजलासले जारी गरेको आदेशमा भनिएको छ, 'जाहेरी दर्ता गराएकोमा अनुसन्धान अगाडि नबढाएको कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले प्रहरीलाई तोकेको कानूनी कर्तव्य विपरीत देखिन आयो ।'

**सोझै तानिनेछन्, उपेन्द्र यादव**

१८ वर्ष पुरानो गौर घटनामा मुछिएका प्रमुख व्यक्ति हुन्, तत्कालीन मधेशी जनअधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव । पटकपटक मन्त्री र उपप्रधानमन्त्री भइसकेका उनी हाल जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष छन् । कतिपय अध्ययनहरुले यादवकै भूमिकाका कारण गौर नरसंहार भएको निष्कर्ष निकालेका थिए ।

उपेन्द्र यादव

सर्वोच्च अदालतको यो आदेशपछि उपेन्द्र यादव तत्काल अनुसन्धानको दायरामा पर्ने निश्चितजस्तै छ । किनभने कतिपय अध्ययन र अनुसन्धानले घटना हिंसात्मक हुनुमा यादवलाई जिम्मेवार मात्रै ठहऱ्याएको छैन, उनीमाथि अनुसन्धान नै गरी मुद्दा चलाउनुपर्ने भनेको छ ।

राष्ट्रिय मानव अधिकार आयोगले उपेन्द्र यादवको नामै किटेर उनी लगायतमाथि अनुसन्धान गरी मुद्दा दायर गर्नुपने भनेको थियो । आयोगले आफ्नो निष्कर्षमा भनेको थियो, 'घटनामा जिल्ला प्रहरी कार्यालय रौतहटमा दर्ता भएका जाहेरीमा नाम उल्लेख भएका र सरकारद्वारा गठित गौर घटना जाँचबुझ आयोगको प्रतिवेदन २०६४ ले दोषी भनी उल्लेख गरेका तपसील बमोजिमका व्यक्तिहरू माथि तहकीकात छानबिन गरी दोषी देखिएका व्यक्तिहरू उपर मुद्दा चलाउनुपर्ने देखियो ।'

तपसीलमा रहेको सूचीमा यादवको पनि नाम छ । गौर हत्याकाण्डपछि छानविनका लागि सरकारले जाँचबुझ आयोग गठन गरेको थियो । आयोगले जाहेरी परेको एवं घटनामा संलग्न भनी उनीहरुको नाम किटेको थियो ।

७ चैत २०६३ मा मा रौटहटको गौरस्थित राईसमिलको चौरमा भएको झडपमा माओवादीका २७ जना कार्यकर्ता मारिएका थिए भने सयभन्दा बढी घाइते भएका थिए । त्यो दिन मधेशी जनअधिकार फोरम र माओवादीले एकै समयमा एकै ठाउँ कार्यक्रम आयोजना गरेका थिए ।

लामो समयदेखि कुनै अनुसन्धान अघि नबढेको मानवअधिकार आयोगले तीन वर्षअघि अनुसन्धान अघि बढाउन निर्देशन दिएको थियो । आयोगले जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव सहित १३० जनामाथि अनुसन्धान अघि बढाउनु भनेको थियो ।

**गौर हत्याकाण्ड स्थल**

'फोरमका कार्यकर्ताबाट मानिसको बाँच्न पाउने अधिकारको हनन् भएको छ' गौर घटनाबारे राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो प्रतिवेदनको निचोडमा भनेको थियो ।

आयोगले आफ्नो निष्कर्षमा भनेको थियो, 'आफ्नो नियन्त्रणमा वा कब्जामा लिइसकेका व्यक्तिहरूलाई कुनै पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन तथा प्रचलित संविधान बमोजिम ज्यान मार्ने काम अपराध ठहरिने हुँदा फोरम कार्यकर्ताहरूले माओवादी कार्यकर्ताको ज्यान मारेको देखिएकाले सो कार्य अपराध ठहर्ने देखिन्छ ।'

मानवअधिकार आयोगको प्रतिवेदनले मोर्चा र फोरमका कार्यकर्ताबीचको भिडन्तमा यतिबिघ्न क्षति हुनुमा फोरम कार्यकर्ताको व्यवहार जिम्मेवार ठहऱ्याएको थियो ।

प्रतिवेदनमा भनिएको थियो, 'यस बाहेक घटनाभरि हस्तक्षेप नगर्ने प्रहरी र दिनभर सम्पर्कमा नभएका प्रमुख जिल्ला अधिकारीको व्यवहार पनि उत्तिकै जिम्मेवार देखिन्छ ।'

आयोगले उनीहरुमाथि आफ्नो दायित्व निर्वाह गरेको भन्दै प्रचलित कानुन बमोजिम कारबाही गर्नुपर्ने सिफारिस गरेको थियो ।

आयोगले मधेशी जनअधिकार फोरमका तत्कालीन अध्यक्ष उपेन्द्र यादव र रौतहट जिल्लाका फोरम कार्यकर्ताहरू तथा तत्कालीन नेकपा (माओवादी) भातृसंगठन मधेशी मुक्ति मोर्चाका तत्कालीन महासचिव प्रभु साह एवम् पूर्व जनसरकार प्रमुख विन्देश्वर यादवलाई घटनामा तिक्ततापूर्ण अवस्था आउनुमा जिम्मेवार ठहऱ्याएको थियो ।

**प्रहरीकै भूमिकामा प्रश्न**

सर्वोच्च अदालतले यसैसाता सार्वजनिक गरेको फैसलाको पूर्णपाठमा जाहेरीमाथि अनुसन्धान नै नगर्ने प्रहरीको भूमिकामाथि गम्भिर प्रश्न छ । जाहेरी दर्ता र अनुसन्धानको विषयलाई प्रहरीले ऐच्छिक बनाएको हो भने सूचना र न्याय पाउने पीडितहरुको हक निस्तेज हुने भन्दै सर्वोच्च अदालतले प्रहरीको स्वेच्छाचारी भूमिकामाथि प्रश्न उठाएको हो ।

पूर्णपाठ नै सार्वजनिक भएकाले प्रहरीलाई गौर हत्याकाण्डको अनुसन्धान अघि बढाउन सहज हुने मात्रै होइन, अनिवार्य बनेको छ ।

सर्वोच्च अदालतले पूर्णपाठमा भनेको छ, 'जाहेरी दर्तामा गर्दा वा अनुसन्धान अघि नबढाउँदा अपराधपीडितप्रति राज्यप्रणालीले पूर्वाग्रह राखेजस्तो हुन गई न्यायसम्मको पहुँचबाट पीडितहरु वञ्चित हुनुपर्ने अवस्था हुनपुग्छ ।'

जाहेरी दर्तापछि पनि प्रहरीले मनलाग्दी रुपमा व्यवहार गरेमा फौजदारी कसूरमा अनुसन्धान अवरुद्ध हुने र दण्डहिनताले संरक्षण पाउने भन्दै सर्वोच्च अदालतले तत्काल अनुसन्धान अघि बढाउनु भनी आदेश दिएको हो । उसले आदेशमा भनेको छ, 'जाहेरीमा अनुसन्धान कारवाही केही नगरी राख्ने अधिकार प्रहरी कार्यालयलाई रहेको देखिँदैन ।'

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नसिङ कलेज भएको महोत्तीको एकमात्र अस्पताल


- २४ सं घण्टा इमर्जेन्सी सेवा
- ICU,NICU,PICU सेवा
- EndosocopyDiode Laser सेवा
- विभिन्न विभागहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- Laproscopy सेवा
- X-Ray, USG, CT Scan सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- 247 Ambulance सेवा




SHUBHA SWOSTIK HOSPITAL PVT.LTD

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिबास, महोत्तरी
०४४-५५२५५,९८१२०१८०१०

# निर्वाचन आयोगमा १४३ दल दर्ता, नेतृत्वमा खस-आर्य र पुरुषकै हालिमुहाली




टक नेपाल

निर्वाचन आयोगमा १ सय ४३ दल दर्ता छन्। जेन-जी आन्दोलनपछि गठित अन्तरिम सरकारले फागुन २१ गतेका लागि निर्वाचन घोषणा गरेको छ।

दर्ता भएका मध्ये १ सय १४ दल निर्वाचनमा सहभागी हुँदैछन्। आयोगमा दर्ता भएका १ सय ४३ दलको नेतृत्वमा को-को छन्? दर्ता भएका दलहरूको नेतृत्वको पृष्ठभूमि केलाउँदा समावेशी नेपाली समाजको अनुहार भेटिन्छ त?

जेन-जी विद्रोहपछि राजनीतिमा नयाँ पुस्ता आउने र समावेशी ढाँचामा दलीय संरचना निर्माण हुने अपेक्षा गरिएको थियो। तर आयोगमा दर्ता भएका दलहरू र तिनको नेतृत्व हेर्दा फरक दृश्य देखिन्छ।

आयोगमा दर्ता भएका दलहरूको नेतृत्व लैङ्गिक र जातीय समावेशीकरणका हिसाबले निराशाजनक छ। आयोगले सार्वजनिक गरेको तथ्यांकअनुसार, दर्ता भएका १४३ दलमध्ये १३७ दलको नेतृत्वमा पुरुष छन् भने ९ दलमा मात्र महिलाको नेतृत्व देखिन्छ। जबकि नेपालमा महिला जनसंख्या करिब ५१ प्रतिशत छ।

दलको नेतृत्वमा पनि निश्चित जात-समुदायको प्रभुत्व देखिन्छ। दर्ता भएका दलका अध्यक्षहरूको जातीय पृष्ठभूमि हेर्दा खस-आर्यको प्रभाव स्पष्ट देखिन्छ। दर्ता भएका दलमध्ये ६८ दलको नेतृत्व खस-आर्य समुदायका व्यक्तिले सम्हालेका छन्। त्यस्तै, ३८ दलको नेतृत्व जनजाति, १८ दलको मधेसी (खस-आर्यइतर), ८ दलको दलित र ३ दलको नेतृत्व मुस्लिम समुदायका व्यक्तिले गरिरहेको देखिन्छ। तथ्यांकअनुसार ८ दलका नेतृत्वको जातीय पहिचान भने स्पष्ट हुन सकेको छैन।

# विषय:मोटरसाईकल चोरी भएको सम्बन्धी सुचना।

यस बटेश्वर गाउँपालिका धनुषाको नाममा रहेको तपसिलमा उल्लेखित बमोजिमको मोटरसाईकल सिसिटिभि फुटेज अनुसार मिति २०८२/०८/२३ गते दिनको ३:४५ बजे बर्दिबास,१४, महोत्तरी स्थित नेपाल बैकं लिमिटेडबाट करिब ५० मिटर दक्षिण तर्फ रहेको सुर्य बहादुर मगरको घर अगाडी पार्किङ्ग गरि राखिएको अबस्थामा चोरी भएको हुदा उक्त मोटरसाईकल फेला पार्नुहने महानुभावहरुले तपसिल बमोजिमको मोबाईल नम्बरमा जानकारी गरिदिनुहन वा नजिकको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन सम्बन्धित सबैलाई सादर अनुरोध गरिन्छ।

## तपसिल :

सवारी नम्बर:ज.१.ब.६७६
ईन्जिन नम्बर:OE4EG2972161
च्यासिस नम्बर:MD634KE43G2F25277
मोडल नम्बर:APACHE
कम्पनी:टिभिएस
सवारिको रङ्ग:सेतो
सवारिको क्षमता:१६० सिसी
सम्पर्क नम्बर:९८५४०६०४१२,९८४४०५९८६१
ईमेल: bateshwormun@gmail.com

# पूर्व-पश्चिम राजमार्ग विस्तार गर्न महोत्तरीमा ६ हजार रूख काटिने

टक नेपाल

पूर्व-पश्चिम राजमार्ग विस्तारका लागि महोत्तरी जिल्लामा ६ हजार २७ रूख कटान गरिने भएको छ।

पूर्व-पश्चिम राजमार्ग विस्तारअन्तर्गत कमला-ढल्केवर-पथलैया सडक पूर्वीखण्ड आयोजनाका प्रमुख राजेशकुमार दासका अनुसार विभिन्न समस्या र चुनौतीकाबीच लामो समयपश्चात् डिभिजन वनकार्यालय, वन तथा भूसंरक्षण विभाग र वन तथा वातावरण मन्त्रालयहुँदै सम्पूर्ण प्रक्रिया पूरा भएपछि रूख काटिने आदेश प्राप्त भएको हो।

प्रमुख दासले यस आयोजनाअन्तर्गत पूर्वी खण्डले निर्माण कार्य गर्ने महोत्तरी, धनुषा र सर्लाही जिल्लामा जम्मा ११ हजार ५७७ रुख कटान गने आदेश प्राप्त भएको बताए। सोअन्तर्गत सर्लाहीमा तीन हजार ६७४ र धनुषामा एक हजार ८७६ रुख कटान गर्ने आदेश भएको प्रमुख दासले बताए। उनका अनुसार सडक विस्तारका क्रममा सहरी तथा बजार क्षेत्रमा ६ लेनसहित ३१ मिटर चौडाइ र अन्य क्षेत्रमा चार लेनसहित १८ मिटर चौडाइ कायम गरिने भएको छ।

सडक विस्तारका लागि सबैभन्दा बढी सालका रुख कटान गरिने भएका छन्। सडक विस्तारमा बिजुलीका खम्बा सार्ने र खानेपानीको पाइप बिछ्याउने कामसमेत चुनौतीका रुपमा रहेको आयोजना प्रमुख दासले बताए। धनुषा र सर्लाहीमा रूख कटानको काम सुरु भइसकेको र महोत्तरीमा पनि चाँडै उक्त कार्य आरम्भ हुने उनले बताए।



## डिभिजन वन कार्यालयको अनुरोध

- रुख रोपौं, वन जोगाऔं ।
- पानी मुहान, सिमसार, ताललैयाको संरक्षण गरौं, जैविक विविधतालाई बचाइ राखौं ।
- खाली जग्गाहरुमा वृक्षरोपण गरौं, जलवायु परिवर्तनको असर न्यूनिकरणमा योगदान गरौं ।
- खोला किनारमा रुख रोपौं, नदीकटान बाढी रोकथाम गर्दै विपद् व्यवस्थापनमा सहयोग गरौं ।
- आफ्नो टोल, गाउँ, नगर तथा सार्वजनिक स्थल सफा राखौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुर्‍याऔं ।
- प्लाष्टिक झोलाको सट्टामा वैकल्पिक झोलाको प्रयोग गरौं, प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षणमा योगदान पुर्‍याऔं ।
- आफ्नो टोल घर गाउँ वन जंगलमा वृक्षरोपणका लागि आवश्यक बिरुवा लिनका लागि नजिकैको डिभिजन वन कार्यालय र सब डिभिजन वन कार्यालयमा सम्पर्क गरौं ।

डिभिजन वन कार्यालय
महोत्तरी, जलेश्वर
फोन : ०४४ ५२०६५४

बिवाहको लागि भाडामा क्यामरा चाहिएमा....

9814237408



AR Photo
Studio-Bardibas
बर्दिबास नगरपालिका-१, ईलाका प्रशासन कार्यालयको छेउमा

हाम्रो सेवाहरू

- फ्लेक्स प्रिन्ट
- होर्डिङ्ग बोर्ड
- 2D बोर्ड
- 3Dबोर्ड
- भिजिटिङ्ग कार्ड
- टि-सर्ट प्रिन्ट
- स्टाम्प
- कप प्रिन्ट

छपाई सम्बन्धी सम्पूर्ण कामको लागि हामीलाई सम्झनुहोस ।

बर्दिबास मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित, प्रकाशक: तुलसामाया कार्की, अध्यक्ष निर्देशक: ललन मण्डल, सम्पादक : रंजु साह
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com , Mo.9863321014